**कोरोना भाइरस सम्बन्धमा बागमती प्रदेशको अवस्था**
**मकवानपुर । ०७७ वैशाख २३ गते**

देशभर कोरोना भाइरस (कोभिड १९) बाट सङ्क्रमित हुनेको सङ्ख्या ८२ पुगेको छ । यस प्रदेशमा सात जनालाई कोरोना सङ्क्रमण पोजेटिभ भएकोमा दुई जना पाटन अस्पताल, तीन जना टेकु अस्पताल र एक जना भरतपुर अस्पतालमा गरि ६ जना उपचारपछि घर फर्किसकेका छन् भने एक जनाको भरतपुर अस्पतालमा उपचाररत रहेको प्रदेशको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

यस प्रदेशमा ९ सय ४३ शैयाको आइसोलेशन मध्ये मकवानपुरमा तीन, ललितपुरमा तीन र धादिङमा दुई गरी आठ जना आइसोलेशनमा रहेका छन् ।

प्रदेशमा ८ हजार ८ सय ५३ जनामा आरडीटी परीक्षण गरिएकोमा १८ जनामा पोजेटिभ रिपोर्ट आएको थियो । यस्तै हालसम्म पीसीआरको लागि २ हजार २ सय २४ ओटा नमूना सङ्कलन भएकोमा सात ओटामात्रै पोजेटिभ आएको मन्त्रालयले जनाएको छ ।

वैशाख २३ गतेसम्म देशभर क्वारेण्टाइनमा रहेकाको सङ्ख्या २१ हजार ९९ जना रहेकोमा यस प्रदेशमा १ सय ८३ जना रहेका छन् । यस्तै यस प्रदेशमा २ हजार ४ सय ९३ जना होमक्वारेण्टाइनमा रहेको मन्त्रालयले जानकारी दिएको छ ।

बागमती प्रदेश स्वास्थ्य आपूर्ति केन्द्रले तीन जिल्लाका कोरोना अस्पताललाई स्वास्थ्य सामग्री वितरण गरेको छ । केन्द्रले कोरोना सङ्क्रमित बिरामीलाई उपचारमा थप सहयोग पु¥याउन तेस्रो चरणमा वैशाख २२ गते सिन्धुली, नुवाकोट र रामेछाप जिल्लाका कोरोना अस्पताललाई स्वास्थ्य सामग्री वितरण गरेको प्रदेश स्वास्थ्य आपूर्ति केन्द्रका सूचना अधिकारी अमृतलाल श्रेष्ठले जानकारी दिनुभयो ।

मकवानपुरको भीमफेदी गाउँपालिकामा वैशाख २२ गते र्‍यापीड टेष्ट गर्दा एण्टिबडी पोजेटिभ देखिएको एक जना पुरुषको वैशाख २३ गते पीसीआर रिपोर्ट नेगेटिभ आएको छ ।

वैशाख २३ गते आरडीटी पोजेटिभ देखिएका दुई जनालाई धादिङबेसीमा आइसोलेशनमा भर्ना गरिएको छ । धादिङको नीलकण्ठ नगरपालिका-२ का एकै घरका ५५ वर्षीया महिला र ५६ वर्षीय पुरुषलाई जिल्ला अस्पतालको निगरानीमा आइसोलेशनमा राखिएको हो ।

धादिङको धुनिबेशी नगरपालिकाका किसानहरूले तरकारी उत्पादन लकडाउनको कारण विक्री नहुँदा ३ करोड रुपियाँ बराबरको नोक्सानी बेहोरेका छन् । उनीहरूले आफ्नो गाउँमा सङ्घीय तथा प्रदेशस्तरका नेताहरूलाई गाउँमा ल्याई तरकारीबालिमा पुगेको नोक्सानीको क्षतिपूर्ति उपलब्ध गराइदिन माग गरेका छन् ।

जिल्ला विपद् व्यवस्थापन समिति भक्तपुरको संयोजनमा संयुक्त सुरक्षा फौजले खाद्य भण्डारण एवम् विपद् व्यवस्थापनको कार्य सुरु गरेको छ । मध्यपुरथिमि नगरपालिका-४ राधेराधेमा रहेको १७ तले भवनमा खाद्यान्न भण्डारणलगायतको तयारी गरिएको छ ।

कोरोना नियन्त्रणका लागि भन्दै स्थापना गरिएको स्यानिटाइज मेसिनले मानव स्वास्थ्यमा असर पर्ने भएकोले यसको प्रयोग नगर्न प्रदेश स्वास्थ्य निर्देशनालय बागमती प्रदेश हेटौँडाले आग्रह गरेको छ । मानव स्वास्थमा असर पर्ने भन्दै स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट पनि स्यानिटाइज मेसिनको प्रयोग गर्न नहुने विषयमा जानकारी आएको प्रदेश स्वास्थ निर्देशनालयका स्वास्थ्य निर्देशक रमेश अधिकारीले बताउनु भयो ।

**इन्सेक नुवाकोट जिल्ला प्रतिनिधि नवदीप श्रेष्ठ**का अनुसार तारकेश्वर जिल्ला प्रशासन कार्यालयमा रहेको कोरोना भाइरस (कोभिड १९) रोकथाम तथा नियन्त्रणसम्बन्धी जिल्लस्तरीय क्राइसिस म्यानेजमेन्ट सेन्टरको बैठकले जिल्लामा स्थानीय तहहरूले सञ्चालन गरेको क्वारेण्टाइन मापदण्ड अनुसार बनाउने, स्थानीय आवश्यकताको मूल्याङ्कन गरी सहज रूपमा सञ्चालन गराउने निर्णय गरेको छ ।

यसको लागि सहायक प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैरेको संयोजकत्वमा ६ सदस्यीय समिति बनाएको छ । जिल्ला प्रशासन कार्यालयले कृषि ज्ञान केन्द्रलाई समयमा नै जिल्लामा किसानको लागि मल बीउ उपलब्ध गराउनको लागि काम गर्न समितिले आग्रह गरिएको छ ।

प्रतिनिधि सभा सदस्य बहादुरसिंह लामाले बेलकोटगढी नगरपालिकालाई १० थान पीपीई, ५ सय थान मास्क र पाँच लिटर स्यानिटाइजर वितरण गर्नु भएको छ ।

प्रतिनिधि सभा सदस्य हितबहादुर तामाङले ककनी गाउँपालिका र तादी गाउँपालिकालाई पीपीई, मास्क र स्यानिटाइजर लगायत सामग्री प्रदान गर्नु भएको छ ।
कोरियालि संस्था कोइकाको सहयोगमा प्राप्त ५० थान थर्मल गन लगायतका स्वास्थ्य सामग्री त्रिशूली जिल्ला अस्पताललाई प्राप्त भएको अस्पतालका प्रमुख डा. रेमकुमार राईले जानकारी दिनुभयो ।
डा. राईले अस्पतालमा विभिन्न संस्था र सरकारी निकायबाट सामग्री प्राप्त भए पनि अति आवश्यक एन ९५ मास्क भने प्राप्त हुन नसकेको बताउनुभयो । अस्पतालमा १५ थान मात्र एन ९५ मास्क रहेको छ ।
लकडाउन उल्लङ्घन गरेको आरोपमा १ सय १५ जनालाई प्रहरीले केही समय नियन्त्रणमा लिई सम्झाई बुझाई छाडेको छ । १० ओटा मोटरसाइकललाई कारबाहीको लागि नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

**इन्सेक दोलखा जिल्ला प्रतिनिधि उद्धव पोखरेल**का अनुसार लकडाउनपछि दोलखामा फरक क्षमता भएका व्यक्तिहरू थप मारमा परेका छन् । लकडाउनका कारण गरिरहेको काम रोकिएपछि भीमेश्वर नगरपालिकाका फरक क्षमता भएका नकुल विश्वकर्माको परिवारलाई अहिले बिहान बेलुका छाक टार्न समेत समस्या भएको छ ।
लकडाउनका कारण उनीहरू थप मारमा परेको अपाङ्गता तथा दृष्टिविहीन समुदाय सेवा सङ्घ दोलखाका अध्यक्ष रामकृष्ण तामाङले जानकारी दिनुभयो ।
तामाङका अनुसार बन्दाबन्दीका कारण फरक क्षमता भएका महिलाको जीवन निकै कष्टकर बन्दै गएको छ । जिल्लामा करिब ७ हजार फरक क्षमता भएकाहरू छन् ।
लकडाउनकै बीच स्थानीय तहहरूले विकास निर्माणका कार्यक्रम सञ्चालन गर्ने भनिए तापनि दोलखामा गाउँपालिकाहरूले योजना सम्झौता गर्न सकेका छैनन् । लकडाउनका कारण आम भेला हुन नसकेपछि उपभोक्ता समिति गठन हुन सकेको छैन ।
यसको प्रत्यक्ष असर योजना सम्झौतमा परेको छ । शैलुङ गाउँपालिकाले कूल १ सय १८ ओटा योजना मध्ये हालसम्म ३४ ओटा योजना मात्र सम्पन्न गरेको जानकारी दिएको छ ।

**इन्सेक चितवन जिल्ला प्रतिनिधि दीपेन्द्र अधिकारी**का अनुसार राप्ती नगरपालिकाले वैशाख २३ गतेबाट लकडाउनको कारण रोकिएको दादुरा रुबेला विरुद्धको खोप सेवा सुरु गरेको छ ।
जनस्वास्थ्य कार्यालय चितवनले लकडाउन भए पनि सामाजिक दुरी कायम गरेर राप्ती नगरपालिकाको चार ओटा वडामा दादुरा रुबेला विरुद्धको खोप सञ्चालन गरिएको जनाएको छ । स्वास्थ्य कार्यालय चितवनका प्रमुख दीपक तिवारीका अनुसार राप्ती नगरपालिकाको माथिल्लो बस्तीमा खोप सेवा सञ्चालन गरिएको हो ।
राप्ती नगरपालिकाले वडा नं. १०, ११, १२ र १३ का १५ वर्षसम्मका ७ हजार बालबालिकालाई खोप लगाइने जनाएको छ । चार ओटा वडामा वैशाख २३ गतेबाट खोप कार्यक्रम सुरु भइसकेको राप्ती नगरपालिकाको भनाइ छ । यसअघि यहाँ दादुरा देखिएका चार जना निको भइसकेका छन् ।
विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसको सङ्क्रमणबाट जिल्लालाई जोगाउन चितवनमा अन्तरजिल्ला सवारी साधनको पास वितरण बन्द गरिएको छ । जिल्ला प्रशासन कार्यालयले २२ गते एक सूचना प्रकाशित गर्दै अर्को सूचना जारी नभएसम्मका लागि चितवन जिल्लाभन्दा बाहिर जाने सवारी साधनका लागि पास वितरण गर्न स्थगित गरिएको जनाएको छ ।
नारायणगढका युवा व्यवसायी वसन्तबहादुर पाण्डेले आफ्नो जन्मदिनको अवसर पारेर वीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल हाताभित्र रहेका बिरामी कुरुवाहरूको लागि ५ सय १० केजी चामल र १ सय २० केजी केराउ वितरण गरेका छन् ।
कोरोना भाइरसका काररण भइरहेको लकडाउनले क्यान्सर अस्पताल भरतपुर हाताभित्र रहेका बिरामी कुरुवाहरूले खाद्यान्न सङ्कट भोग्दै आएको थिए ।
भरतपुर अस्पतालबाट वैशाख २३ गते गते सात ओटा नमूना सङ्कलन गरी पठाइएको अस्पतालका सूचना अधिकारी लिलाधर पौडेलले बताउनु भयो ।

भरतपुर स्थित कोरोना परीक्षण प्रयोगशालामा कोरोना टेष्ट किट आएपछि यही ल्यावबाट परीक्षण थालिएको छ । अस्पतालको आइशोलेशनमा पाँच जना बिरामी रहेका छन् ।

**इन्सेक मकवानपुर जिल्ला प्रतिनिधि पुष्पराज अधिकारी**का अनुसार जिल्ला प्रशासन कार्यालय मकवानपुरमा वैशाख २३ गते बसेको कमाण्ड पोष्टको बैठकले मकवानपुरमा लकडाउन थप कडा पार्ने निर्णय गरेको छ ।
वैशाख २३ गते बसेको कमाण्ड पोष्टको बैठकले बिहान ६ बजेदेखि ९ बजेसम्म पनि अत्यावश्यक अवस्थामा बाहेक कसैलाई पनि हिडडुल गर्न नदिइने निर्णय भएको जिल्ला प्रशासन कार्यालय मकवानपुले जानकारी दिएको छ ।
अब मकवानपुरबाट काठमाडौँ जानको लागि पास जारी नगरिने निर्णय भएको मकवानपुरका प्रमुख जिल्ला अधिकारी दीपकराज नेपालले बताउनुभयो ।
तराईका जिल्लाहरूबाट मकवानपुर आउने सवारी साधनहरूमा पनि चालक र सहचालक बाहेक अन्य कसैलाई पनि प्रवेश गर्न नदिइने निर्णय भएको छ ।
त्यसैगरी मकवानपुरमा युरिया मलको अभाव भएकाले युरिया मल २५ गतेसम्ममा ल्याइने गरी पहल भइरहेको प्रशासन कार्यालयले जनाएको छ ।
कोरोना नियन्त्रणका लागि भन्दै स्थापना गरिएको स्यानिटाइज मेसिनले मानव स्वास्थ्यमा असर पर्ने भएकोले यसको प्रयोग नगर्न प्रदेश स्वास्थ्य निर्देशनालय बागमती प्रदेश हेटौँडाले आग्रह गरेको छ ।
मानव स्वास्थमा असर पर्ने भन्दै स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट पनि स्यानिटाइज मेसिनको प्रयोग गर्न नहुने विषयमा जानकारी आएको प्रदेश स्वास्थ निर्देशनालयका स्वास्थ्य निर्देशक रमेश अधिकारीले बताउनुभयो ।
हेटौँडाका विभिन्न स्थानमा स्यानिटाइज मेसिन जडान गरिएको छ । हेटौँडा अस्पताल क्षेत्र, जिल्ला प्रहरी कार्यालय, हेटौँडा उपमहानगरपालिका, रातोमाटे प्रहरी चेकपोष्ट लगायतका स्थानमा स्यानिटाइज मेसिन राखिएको छ ।
हेटौँडामा वैशाख २३ गते लकडाउन उल्लङ्घन गर्ने २ सय ५७ सवारी नियन्त्रणमा लिइएको छ । प्रहरीले हेटौडा बजारका विभिन्न क्षेत्रबाट २ सय ४७ मोटरसाइकल, नौ ओटा अटो र एउटा कार नियन्त्रणमा लिएको थियो ।
मकवानपुरको भीमफेदी गाउँपालिकामा वैशाख २३ गते र्‍यापीड टेष्ट गर्दा एण्टिबडी पोजेटिभ देखिएको एक जना पुरुषको वैशाख २३ गते पीसीआर रिपोर्ट नेगेटिभ आएको छ ।

**इन्सेक धादिङ जिल्ला प्रतिनिधि सीताराम अधिकारी**का अनुसार आरडीटी पोजेटिभ देखिएका दुई जनालाई धादिङबेसीमा आइसोलेशनमा भर्ना गरिएको छ । धादिङको नीलकण्ठ नगरपालिका-२ का ५५ वर्षीया एक महिला र ५६ वर्षीय एक पुरुषलाई जिल्ला अस्पतालको निगरानीमा आइसोलेशनमा राखिएको हो । भारतबाट २४ दिनअघि घर आएका पुरुषको आरडीटी परीक्षणमा पोजेटिभ आएको थियो । उनको श्रीमतिको परीक्षण गर्दा पनि पोजेटिभ आएपछि आईसोलेशनमा राखिएको छ । उनिहरूको स्वाब परीक्षणाका लागि प्रयोगशाला पठाइएको छ ।
धादिङ अस्पताल, धादिङका लागि डि.एक्स.एन. संस्थाले १५ थान पीपीई सहयोग गरेको छ । बन्दाबन्दीका कारण तरकारी बाली नष्ट गर्नु पुगेका थाक्रे गाउँपालिका-११ का किसानहरू गाउँमा तरकारी बाली देखाउन सङ्घीय सांसद, जिल्ला समन्वय समिति र स्थानीय सरकार प्रमुखलाई गाउँमै बोलाएर सरकारको तर्फबाट क्षतिपूर्ति दिनुपर्ने माग गरेका छन् ।
गाउँमा नेताहरू बोलाइएपछि किसाहरूको ठूलो समूह जम्मा भएका थिए । भौतिक दुरीको बेवास्ता गर्दै लकडाउनको समेत गाउँबासीले उल्लङ्घन गरेका थिए । तर मर्कामा परेका किसानहरूका पक्षमा स्थानीय सरकार र सङ्घीय सांसद समेतले सम्बोधन नगरेको किसानहरू आक्रोसित भएका छन् ।
बारीमा लगाएको तरकारी समयमै बिक्री नहुँदा धुनिबेशी नगरपालिकाका किसानहरूले ३ करोड बराबरको नोक्सानी बेहोरेका छन् । लकडाउनले गर्दा तरकारी बिक्री नभएपछि करिब ३ करोड बराबरको तरकारी बारीमै कुहिएर खेर गएको धुनिबेशी नगरपालिकाले जनाएको छ ।

धुनिबेशीका करिब १ सय १७ जना किसानले ५७ हेक्टर जमिनमा व्यवसायिक रूपमै तरकारी खेति गर्दै आएका छन् । किसानको गुनासोको आधारमा नगरपालिकाले तरकारी क्षतिको विवरण सङ्कलन गर्ने क्रममा लकडाउन अवधिभरमा मात्रै किसानले ३ करोड रकम बराबरको नोक्सान व्यहोरेको जानकारी दिएको हो ।
करिब १७ हेक्टर क्षेत्रफलमा लगाएको ३ सय ४० मेट्रिकटन काउली बारीमै कुहिँदा ८५ लाखभन्दा बढी रकमको क्षति भएको नगरपालिकाका कृषि विकास शाखाका प्रमुख सन्तोष खड्काले जानकारी दिनुभयो । ७ हेक्टर क्षेत्रफलमा लगाएको २८ लाख बराबरको १ सय ४० मेट्रिकटन बन्दा, १० हेक्टर क्षेत्रफलमा लगाएको ४५ लाख बराबरको १ सय ५० मेट्रिकटन गोलभेडा, चार हेक्टर क्षेत्रफलमा लगाएको ६० लाख बराबरको १ सय मेट्रिकटन हाइब्रीड जातको मार्से खुर्सानी, आठ हेक्टर क्षेत्रफलमा लगाएको ४० लाख बराबरको २ सय मेट्रिकटन काँक्रो, ११ हेक्टर क्षेत्रफलमा लगाएको २९ लाख ७० हजार रकम बराबरको ९९ मेट्रिकटन घ्यूसिमि गरी २ करोड ८७ लाख ७० हजार रकमको तरकारी बारीमै कुहिएको खड्काले बताउनु भयो ।
धुनिवेशी नगरपालिकामा वार्षिक २ हजार ४ सय ८४ हेक्टर क्षेत्रफलमा ३० हजार २ सय ९५ दशमलव ५ मेट्रिकटन तरकारी उत्पादन हुँदै आएको छ । नगरपालिकामा उत्पादन हुँदै आएको तकारी मध्ये २ प्रतिशत मात्रै नगरपालिकामा खपत हुने र बाँकी ९८ प्रतिशत तरकारी धार्के सङ्कलन केन्द्रबाट काठमाडौँ लगायतका नेपालको अन्य शहरहरूमा बिक्री हुने गरेको नगरपालिकाले जनाएको छ ।

**इन्सेक ललितपुर जिल्ला प्रतिनिधि दीपकप्रसाद घिमिरे**का अनुसार लकडाउनको नियम उल्लङ्घन गरे बापत वैशाख २३ गते २ सय ८५ जनालाई महानगरीय प्रहरी कार्यालयले कारबाही गरेको छ ।
कोभिड-१९ को सङ्कामा वैशाख २३ गते एक जना बिरामीलाई भर्ना गरिएको छ भने २२ गते भर्ना गरिएका अर्का एक जनाको पनि उपचार भइरहेको पाटन अस्पतालका निर्देशक डा. विष्णु शर्माले जानकारी दिनुभयो ।
ललितपुर महानगरपालिका-२४ धापाखेलमा दोस्रो चरणमा ९ सय ७० परिवारलाई राहत वितरण गरिएको छ ।
दैनिक रूपमा खानाको व्यवस्था नभएकाहरूलाई धुर्मुस सुन्तोली फाउण्डेसन र प्रतिभा बहुउद्देश्यीय सहकारीले प्रतिभा भवन थसिखेलमा दैनिक ज्यालीदारी श्रमिक ६९ जनालाई बिहान र साँझको सामूहिक खाना खुवाउने व्यवस्था गरेको बहुउद्देश्यीय केन्द्रीय सहकारी सङ्घका सचिव माधवप्रसाद तिमल्सिनाले जानकारी दिनुभयो ।
महालक्ष्मी नगरपालिका-१ मा बोझेपोखरी नागरिक समाजले दैनिक ज्यालीदारी श्रमिक २ सय जनालाई बिहान र साँझको समयमा २ सय जनालाई सामुहिक खानाको व्यवस्था गर्दै आएको अध्यक्ष जयकुमार के.सी.ले जानकारी दिनुभयो ।

**इन्सेक रसुवा जिल्ला प्रतिनिधि हेमनाथ खतिवडा**का अनुसार रसुवा जिल्लामा दोस्रो चरको राहत वितरण नभएको कारण गोसाइकुण्ड, नौकुण्ड, उत्तरगया र आमाछोदिङमो गाउँपालिकाको केही बस्तीमा खाद्यान्न अभाव भएको छ ।
जिल्लामा अधिकांश मानिस कृषिबाट उत्पादनले ३ देखि ६ महिना खानपुग्ने छन् । केही वैदेशिक रोजगारी, ज्याला मजदुरी, ट्रेकिङ, होटल मजदुर छन् ।
नौकुण्ड गाउँपालिका-३ मा ३१ परिरवारले दोस्रो चरणको राहत पाएका छन् । बाँकी परिवारलाई तत्कालै वितरण गरिने वडा नं. ३ का अध्यक्ष मेम्बर थिङ तामाङले बताउनु भयो । वडा नं. ५ मा १ सय २१ परिवारले मात्र दोस्रो चरणको राहत पाएका छन् । अन्य वडामा दोस्रो चरणको राहत नपाएको गुनासो आएको छ ।
गोसाँइकुण्ड गाउँपालिकामा-२ मा १ सय ९ परिवार र वडा नं. ५ मा ३७ परिवारका लागि दोस्रो चरणको राहत वितरण गरिएको छ । गाउँपालिकामा सामाजिक दुरी कायम गरी वडा वडामा विकास निर्माणका योजना थालनी गरिएको गोसाँइकुण्ड गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत देवीलाल सापकोटाले बताउनु भयो ।

आमाछोदिङमो गाउँपालिकाले दोस्रो चरण राहत वितरणका लागि २ हजार २ सय परिवारको लगत सङ्कलन गरेको छ । उत्तरगया गाउँपालिका दोस्रो चरण राहत वितरणका लागि वडाबाट वास्तविक परिवार पहिचान गर्ने काम जारी रोखेको छ ।
कालिका गाउँपालिकामा पनि दोस्रो चरण राहत वितरणमा ढिलाइ भएको गुनासो आएको छ । राहतका लागि वडाबाट लगत लिने काम भइरहेको वडा कार्यालयले जनाएको छ ।
वडा-१ मा ५९ जनालाई दोस्रो चरको राहत वितरण भएको कालिका गाउँपालिका उपाध्यक्ष भवानीप्रसाद न्यौपानेले बताउनु भयो ।
जिल्लामा अत्यावश्यक सामग्री तथा अन्य आवश्यक वस्तु र खाद्यान्नको समस्या नभएको प्रमुख जिल्ला अधिकारी अर्जुन भण्डारीले बताउनु भयो । जिल्लाका बजारमा तरकारीमा केही मूल्य बृद्धि भएको र अन्य खाद्यान्न तथा अन्य गुनासो नआएको उहाँले बताउँनुभयो ।
हालसम्म जिल्लाभको ९८ जनामा र्‍यापीड टेष्ट गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ ।

**इन्सेक भक्तपुर जिल्ला प्रतिनिधि रमेश गिरी**का अनुसार भक्तपुर जिल्ला अस्पतालमा वैशाख २३ गते १७ जना शङ्काष्पद व्यक्तिको कोरोना भाइरसको परीक्षण भएको छ ।
जसमा चार पुरुषको र तीन महिला गरी सातजनाको स्वाब सङ्कलन गरी टेकुस्थित राष्ट्रिय प्रयोगशालामा पठाएको छ । त्यस्तै सात जना पुरुष र तीनजना गरी १० जना द्रूतगतिको र्‍यापीड किट ( आरडिटी) बाट परीक्षण गरिएकोमा सबैको नतिजा नेगेटिभ आएको छ ।
पाँच पुरुष र चार महिला गरी नौ जनाको रिपोर्ट आउन बाँकी रहेको भक्तपुर अस्पतालको मेडिकल सुपरिटेण्डेण्ट डा. सुमित्रा गौतमले जानकारी दिनुभयो । भक्तपुर अस्पतालमा अहिलेसम्म ५ सय ८० जनाको कोरोना परीक्षण गरिएको छ ।
जिल्ला विपद् व्यवस्थापन समिति भक्तपुरको संयोजनमा संयुक्त सुरक्षा फौजले खाद्य भण्डारण एवम् विपद् व्यवस्थापनको कार्य सुरु गरेको छ ।
कोरोना भाइरसको सङ्क्रमण फैलिन नदिन सरकारले जारी गरेको लकडाउन र आउन सक्ने सङ्कटलाई ध्यानदिँदै मध्यपुरथिमि नगरपालिका-४ राधेराधेमा रहेको १७ तले भवनमा खाद्यान्न भण्डारणलगायतको तयारी गरिएको छ ।
लकडाउनले खाद्यान्न अभाव हुने अवस्था आएमा जिल्लाका चारओटै नगरपालिकामा वितरण गर्नेगरी नगरपालिकाहरूको सहयोगमा उक्त भवनमा नेपाली सेनाको सुरक्षामा खाद्यान्न भण्डारणको तयारी गरिएको प्रमुख जिल्ला अधिकारी होमकला पाण्डेले जानकारी दिनुभयो ।
पानी, खाना वितरणलगायतका सामग्रीहरू भण्डारण सुरु गरिएको जानकारी दिँदै उहाँले बजारमा खाद्यान्न अभाव हुने अवस्था आएमा स्थानीय तहको सहयोगमा उक्त भवनमा खाद्यान्य भण्डारण गरिने गरी तयारी अवस्थामा राखिएको उहाँले जानकारी दिनुभयो ।
नेपाली सेना बीरदल गण सूर्यविनायकका गणपति कर्णेल शिव पौडेलका अनुसार सेनाको टोलीले नेपाल रेडक्रस सोसाईटी भक्तपुर शाखाले उपलब्ध गराएको ५० थान त्रिपाल ओछ्याउने र खाद्यान्न भण्डारणका लागि ठाउँ तयारी गर्दै सामग्रीहरूको भण्डारण गर्ने कार्य सुरु गरेको छ ।
कोरोना सङ्क्रमणले भोकमरीको अवस्था आएमा घर मै उपचार गर्नुपर्ने, क्वारेण्टाइन घर मै बनाउनु पर्ने, आइसोलेशनको अभाव हुने अवस्था आएमा बिरामी, सुरक्षाकर्मी र स्वास्थ्यकर्मीलाई समेत सहयोग गर्नेगरी तयारी गरिएको उहाँले जानकारी दिनुभयो ।
अहिले १० हजार बोतल पानी, खाना प्याकिङ्ग गर्ने किट १० हजार थान, शव व्यवस्थापनका लागि आवश्यक पर्ने ५ सय रोल प्लाष्टिक, शव राख्ने व्याग ६५ थान भण्डारण गरेको उहाँले जानकारी दिनुभयो ।
कोरोना सङ्क्रमणले नागरिकको ज्यान जाने अवस्था आएमा शवलाई कसरी व्यवस्थापन गर्नेभन्ने समेत तयारी गरिएको छ । यसका लागि नेपाली सेना, नेपाल प्रहरी र शसस्त्र प्रहरीका १५ जनालाई शव व्यवस्थापनको तालिम प्रदान गरी तयारी अवस्थामा राखिएको छ ।

त्यसैगरी भक्तपुरको जगाती नाकाबाट उपत्यका भित्रिने सवारी साधनलाई वैशाख २३ गतेदेखि रोक लगाएको छ । दैनिक उपभोग्य सामग्री र स्वास्थ्य उपचार सम्बन्धी जोडिएका सवारी बाहेकलाई नाकाबाटै फर्काउन थालिएको एसपी सविन प्रधानले जानकारी दिनुभयो ।
यसअघि पास बनाएपछि निर्वाधरूपमा सवारी भित्रने गरेको थियो । अब भने पासबाहक गाडीलाई समेत धमाधम फर्काउन थालिएको हो ।
विभिन्न नाकाबाट अहिले उपत्यका १ हजार ५ सय हाराहारीमा सवारी भित्रिने गरेका छन् । त्यसमा झण्डै ४ सय सवारी पास बोकेर विभिन्न काममा आउने गरेको प्रहरीको अभिलेख छ । जगाती नाकाबाट दैनिक १ सय ५० सवारी साधन भित्रिने गरेकोमा त्यसलाई रोकिएको उहाँको भनाई थियो ।

**इन्सेक काठमाडौं जिल्ला प्रतिनिधि विमला पौडेल**का अनुसार वैशाख २३ गते स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा आयोजित नियमित प्रेस ब्रिफिङमा प्रवक्ता डाक्टर विकास देवकोटाले बाँकेको नेपालगञ्जमा थप सात जनामा कोरोना सङ्क्रमण पुष्टि भएको बताउनु भएको छ । यससँगै नेपालमा कोरोना भाइरसबाट सङ्क्रमितको सङ्ख्या ८२ पुगेको छ । जसमध्ये ६१ जना पुरुष र २१ जना महिला रहेका छन् ।
कोरनाबाट बच्न भन्दै मदिरा सेवनमा बृद्धि आएकोले यसो नगर्न मन्त्रालयले आग्रह गरेको छ । मदिरा सेवनले शरीरमा रोग प्रतिरोधात्मक क्षमतामा कमि आउने र रोगको जोखिम बढ्न सक्ने भएकाले त्यस्तो कार्य नगर्न आग्रह गरिएको छ ।
वैशाख २३ गते महानगरीय ट्राफिक प्रहरी महाशाखाले काठमाडौंमा मात्रै दुईपाङ्ग्रे सवारी ४ सय ६० र र चारपाङ्ग्रे ३६ ओटा सवारीलाई कारबाही गरिएको छ । बिनाकाम सडकमा हिड्ने १ हजार ५ सय जनालाई कारबाही गरिएको महानगरीय प्रहरी परिसरका प्रवक्ता होविन्द्र बोगटीले जानकारी दिनुभयो ।
गृहमन्त्री रामबहादुर थापा बादलले कोरोना महामारी रोकथामका लागि लगाइएको लकडाउन शर्तसहित खुकुलो बनाउनुपर्ने बताउनु भएको छ ।
वैशाख २३ गते प्रतिनिधिसभाको कानुन न्याय तथा मानवअधिकार समितिमा उहाँले लकडाउनले आर्थिक सङ्कट बढी देखिएको भन्दै यसलाई शर्तसहित खुकुलो बनाउनुपर्ने बताउनु भएको हो ।
काठमाडौं उपत्यकाका मेयरहरूले भने काठमाडौं आउने र जानेलाई पूर्णरूपमा रोक्न उपप्रधान एवम् रक्षामन्त्री इश्वर पोखरेललाई भेट गरी आग्रह गरेका छन् ।
उपत्यका नगरपालिका फोरमका पदाधिकारीले सरकारसँग कोरोना सङ्क्रमणबाट उपत्यकालाई जोगाउन निर्वाध प्रवेशलाई पूर्णारूपमा रोक्नुपर्ने माग राखेका हुन् ।
फोरमलेले केही समय अघि राहतको अभावमा उपत्यका नछाड्न उपत्यकावासीलाई आग्रह गर्दै संयुक्त अपिल जारी गरेको थियो । फोरमले यसअघि पनि एक प्रदेशबाट अर्को प्रदेश, एक जिल्लाबाट अर्को जिल्ला र एक स्थानीय तहबाट अर्को स्थानीय तहमा निर्वाध रूपमा आवत-जावत गर्दा सङ्क्रमणको खतरा बढी हुने भन्दै त्यसो नगर्न आग्रह गरेको थियो ।

**इन्सेक रामेछाप जिल्ला प्रतिनिधि नवराज घिमिरे**का अनुसार लकडाउनको समय मन्थली बजारमा मानिसहरूको भिडभाड बढ्न थालेको छ । जिल्लामा सामाजिक दुरीको बेवास्ता गर्ने र पास बिनाको सावरी सञ्चालनमा रोक लगाउने कार्य पूर्ण कार्यान्वयन नहुँदा लकडाउन खुकुलो देखिएको छ । सदरमुकाम मन्थली बजारलगायतका क्षेत्रहरूमा मानिस तथा साना सवारी आवागमनको दर बढ्दै गएको छ ।
बिहान ६ बजेदेखी ९ बजेसम्म मन्थली बजारमा सञ्चालन हुने खाद्यान्न,तरकारी तथा फलफूल पसल तथा निश्चित समयका लागि खुल्ने बैंकहरूमा समेत कुनै पनि दुरी कायम नगरी मानिसहरूको जमघट हुने गरको छ ।
जिल्लाको विभिन्न स्थानमा प्रहरीले चेकजाँचमा कडाई गरे पनि मन्थली बजार क्षेत्रमै लकडाउनको पूर्ण पालना भएको छैन् । तरकारी र अन्य दैनिक उपभोग्य सामान किनमेल हुने ठाउँहरूमा सामाजिक दुरीको बेवास्ता गर्ने गरिएको छ ।

रामेछापकी प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले भने लकडाउनलाई अन्य जिल्ला भन्दा रामेछापमा कडाई गरिएको दाबी गर्नुभयो ।
प्रमुख जिल्ला अधिकारी शर्माले अहिले सामाजिक सुरक्षा भत्ता वितरणको समय भएको र सबै वडा कार्यालयहरूबाट वितरण गर्न तत्काल सम्भव नभएकाले बैंकहरूमा केहि भिडभाड देखिए पनि दुरी काय गरेर मात्रै सेवा प्रवाह गर्न भनिएको बताउनु भयो ।
जिल्लामा वैशाख २३ गतेसम्म २ सय १२ जनाको न्यापीड टेष्ट गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ देखिएको जिल्ला अस्पताल रामेछापका प्रमुख जितेन्द्रकुमार कर्णले जानकारी दिनुभयो ।

**इन्सेक सिन्धुली जिल्ला प्रतिनिधि बिमला पाण्डे**का अनुसार सिन्धुली अस्पतालमा कोरोना भाइरस (कोभिड १९) जाँचका लागि आरडीटी किटको अभाव भएका कारण स्वास्थ्य जाँचमा समस्या पर्दै आएको छ ।
किटको अभाव भएपछि सडक निर्माणको कामका लागि सप्तरीबाट सिन्धुली आएका २० जना मजदुरलाई सिन्धुली अस्पतालमा सामान्य स्वास्थ्य परीक्षण गरी सेल्फ क्वारेण्टाइनमा बस्ने गरि पठाइएको छ । जिल्ला प्रवेशपछि सिन्धुली अस्पतालमा स्वास्थ्य जाँचका लागि आएका उनीहरूको सामान्य स्वास्थ्य परीक्षणपछि सडकको क्याम्पमै बस्ने गरी पठाइएको हो ।
मदन भण्डारी राजमार्गमा सडक निर्माण गर्न आएका उनीहरूको आरडीटी परीक्षण भने गर्न नसकिएको सिन्धुली अस्पतालले जनाएको छ । अस्पतालमा आरडीटी परीक्षणका लागि किट नभएपछि सामान्य परीक्षण मात्र गरिएको अस्पतालका फोकल पर्सन डा. प्रसन्न राजभण्डारीले बताउनु भयो ।
अस्पतालले वैशाख २२ गते ३ जनाको आरडीटी परीक्षण गरिएको जनाएको छ । फागुन ३० गते साउदीबाट नेपाल आएका घ्याङलेख गाउँपालिका-२ का २८ वर्षीय पुरुष र हिरासतबाट कारागार पठाइएका दुई जना बन्दीको आरडीटी परीक्षण गरिएको डा. राजभण्डारीले बताउनु भयो ।
अस्पतालमा कोभिड १९ को उपचारका लागि स्वास्थ्यकर्मीलाई आवश्यक व्यक्तिगत सुरक्षा सामग्रीको पनि कमी देखिएको छ । विभिन्न दाता तथा सरकारी निकायबाट प्राप्त पीपीई जम्मा १ सय २० थान बाँकी रहेको अस्पतालले जनाएको छ ।
तराईका धेरै जिल्ला र उदयपुरसँग जोडिएको सिन्धुलीमा उच्च जोखिम रहेकाले स्वास्थ्य परीक्षणमा ध्यान दिन नागरिक समाजले विभिन्न सञ्चार माध्यमबाट स्थानीय प्रशासन, राजनीतिक दल, स्थानीय तह, स्वास्थ्य संस्थाहरूलाई ध्यान दिन समेत नागरिक समाजले सुझाव दिँदै आएका छन् । यस्तै तराईका सबै नाका बन्द गर्न र लकडाउनलाई प्रभावकारी बनाउन समेत सुझाव दिएका छन् ।

**इन्सेक काभ्रे जिल्ला प्रतिनिधि हिरामान तामाङ**का अनुसार जिल्लाका स्थानीय तहले हालसम्म १४ हजार ७ सय ४२ विपन्न र दैनिक ज्याला मजदुरी गर्ने घरपरिवारलाई राहत वितरण गरेको छ । जिल्लामा सबैभन्दा बढी बनेपा नगरपालिकाले करिब ४ हजार ४ सय जनालाई राहत वितरण गरेको छ ।
पनौती नगरपालिकाले ३ सय ५ सय प्याकेट राहत वितरण गरेको जनाएको छ । यस्तै नमोबुद्ध नगरपालिकाले ५ सय ८० र पाँचखाल नगरपालिकाले ३ हजार २ सय घरधुरी परिवार राहत वितरण गरेका छन् । धुलिखेल नगरपालिकाले २ हजार २ सय ५५ घर परिवारलाई राहत वितरण गरेको जनाएको छ ।
मण्डनदेउपुर नगरपालिकाले राहत वितरणका लागि वडा मार्फत तथ्याङ्क सङ्कलन गरिरहेको जनाएको छ । चौरीदेउराली गाँउपालिकाले करिब २ सय ५०, भुम्लु गाँउपालिकाले ३ सय, बेथानचोक गाँउपालिकाले २ सय ५, रोशी गाँउपालिकाले ४७ र महाभारत गाँउपालिकाले बाहिरी जिल्लाबाट आएका पाँच जनालाई राहत वितरण गरेको छ । तेमाल र खानीखोला गाँउपालिकामा भने राहत वितरण गरिएको छैन ।
वैशाख २३ गते पहिलो चरणमा नगरपालिका भित्रका वडाध्यक्ष र कर्मचारी बीच सम्भावित योजना र कार्यक्रमका बारे छलफल गरेको मेयर अशोक ब्याञ्जुले जानकारी दिनुभयो ।

**इन्सेक बागमती प्रदेश कार्यालय, हेटौंडा**